बागमती प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

हेटौंडा, मकवानपुर

प्रदेश सचिव

## भरतपुर महानगरपालिकाको ठोस फोहर प्रशोधन/व्यवस्थापन केन्द्र निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा रायसुझावका लागि आव्हान गरिएको सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२ चैत्र २९ गते)

प्रस्तावक भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, चितवनले बागमती प्रदेश, चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. ११, आँपटारीमा प्रस्तावित भरतपुर महानगरपालिकाको ठोस फोहर प्रशोधन/व्यवस्थापन केन्द्र निर्माण आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) प्रतिवेदन यस मन्त्रालयमा स्वीकृतिका लागि पेश गरेको छ । प्राप्त प्रतिवेदन अनुसार प्राप्त प्रतिवेदन अनुसार उक्त आयोजना ५००० मेट्रिक टन भन्दा बढी ठोस फोहर व्यवस्थापन हुने गरी जलदेवी सामुदायिक वन क्षेत्र भित्रको कुल ९.९ हेक्टर जग्गामा निर्माण तथा संचालन हुने प्रस्ताव गरिएको छ। यस ठोस फोहोर प्रशोधन केन्द्रमा फोहोर थुपार्नका लागि २४२ मिटर × १९८.५७ मिटर क्षेत्रफलमा जम्मा ४ वटा सेल (Cells) निर्माण गरिनेछ। यी सेलहरूको गहिराइ ४ मिटरदेखि ६.४ मिटर सम्म रहनेछ। जसमध्ये ३ वटा सेल प्रत्येक २४२ मिटर × ४९ मिटर का हुनेछन् भने बाँकी १ वटा सेल २४२ मिटर × ४७.८० मिटर को हुनेछ। बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ (३) बमोजिम यस प्रतिवेदनमा रायसुझावहरु दिनका लागी सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले प्रस्तावक भरतपुर महानगरपालिकाको ठोस फोहर प्रशोधन/व्यवस्थापन केन्द्र निर्माण आयोजनाको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको website: *https://mofe.bagamati.gov.np* मा समेत सार्वजनिक गरिएको छ। उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन हेर्न वा उतार गर्न सकिने स्थानहरु :**

श्री भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन

श्री वडा नं. ११ को कार्यालय, भरतपुर महानगरपालिका।

श्री वडा नं. २ को कार्यालय, भरतपुर महानगरपालिका।

श्री जिल्ला समन्वय समितिको कार्यालय, चितवन ।

श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाडौं ।

श्री पुस्तकालय, प्रदेश सभा सचिवालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर ।

**राय-सुझाव पठाउने ठेगाना :**

वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश

वातावरण परीक्षण शाखा

फोन नं. ०५७-५२५६१७

ईमेल: mofe@bagamati.gov.np